मिति २०८०/०२/०२ र ०३ गते कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री राज कुमार शर्माज्यूको अध्यक्षतामा बसेको प्रदेश समन्वय परिषद्को सातौं बैठकका निर्णयहरू:

१. प्रदेश समन्वय परिषद्को पूर्व बैठकका निर्णयहरु र सोको कार्यान्वयन अवस्थाको पुनरावलोकन गरियो।

२. विकास योजना र कार्यक्रम कार्यान्वयनमा प्रदेश र स्थानीय तहको भूमिकाको सन्दर्भमा छलफल गरियो।

३. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमका सन्दर्भमा स्थानीय तहको सल्लाह र सुझावलाई महत्त्व र प्राथमिकताका आधारमा समावेश तथा कार्यान्वयन गर्ने निर्णय गरियो।

४. संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यलाई दिगो र प्रभावकारी बनाउने विषय माथि सुझाव सहित छलफल गरियो।

५. स्थानीय तह सेवा सञ्चालन सम्बन्धी ऐन चालु आ.व. २०७९/०८० सम्ममा तर्जुमा गर्ने निर्णय गरियो।

६. कर्णाली प्रदेशको मुख्य समस्या गरिवीको अन्त्यको लागि वार्षिक न्युनतम दश हजार रोजगारी सिर्जना गर्न कर्णाली समृद्धि अभियान चलाउने कार्य गर्ने । यस अभियान अन्तर्गत वेरोजगार युवाहरूलाई नवप्रवर्तनमा आधारित उत्पादनमुलक उद्योग तथा व्यवसाय सञ्चालनको लागि रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन गर्न सीप नक्साङ्कन गरी आवश्यक ज्ञान, सीप, तालिम, प्रविधि र वित्तीय पहुँचको व्यवस्था मिलाइ स्वरोजगार बनाउने निर्णय गरियो।

७. कर्णाली प्रदेश सरकार र स्थानीय तहको संयुक्त लगानीमा कर्णाली प्रदेशका जनतालाई न्यून ब्याजदरमा वित्तीय पहुँच पुऱ्याई लगानी प्रवर्द्धन, उत्पादन वृद्धि र रोजगारीमा टेवा पुऱ्याउने उद्देश्यले एउटा लघुवित्तीय संस्था स्थापना गर्ने व्यस्था मिलाउने निर्णय गरियो।

८. प्रदेश समन्वय परिषद्को साँतौं बैठकको विस्तारित समन्वय बैठक सञ्चालन गरी उक्त विस्तारित समन्वय बैठकबाट प्राप्त हुने कार्यान्वयनयोग्य सुझावहरूलाई सम्बोधन हुनेगरी कर्णाली प्रदेश सरकारको आगामी आ.व. को नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो।

(राज कुमार शर्मा)
मुख्यमन्त्री

CamScanner